नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, काठमाडौं ।

## प्रसारण संस्थाहरुको नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।

**सूचना प्रकाशित मिति २०७८/११/२५ गते**

नेपाल सरकारद्वारा नेपाल राजपत्र खण्ड (७१) काठमाडौं, फागुन १९ गते, २०७८ साल (संख्या ४६ मा प्रकाशित भाग ३ को सूचना अनुसार इजाजतपत्रतर्फ राष्ट्रिय प्रसारण (एघारौं संशोधन) नियमावली, २०७८ को नियम ११ बमोजिम २०७८ असार मसान्तसम्म नवीकरण भई आफैले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केबुलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल वा एफ.एम. रेडियो तथा रेडियो नेटवर्क प्रसारण गर्ने व्यक्ति वा संगठित संस्थाले आर्थिक वर्ष २०७८/७९ को नवीकरणको लागि २०७८ पुस मसान्तसम्म निवेदन दिएकोमा मन्त्रालयले त्यस्ता व्यक्ति वा संगठित संस्थाको आर्थिक वर्ष २०७८/७९ को लागि नवीकरण दस्तुर र जरिवानामा पूर्ण छुट दिई नवीकरण गर्न सक्ने र २०७८ पुस मसान्तभित्र निवेदन दर्ता गरेका सम्बन्धित प्रसारण संस्था/व्यक्तिले नवीकरण गर्न चाहिने देहायका कागजातहरुसहित राजपत्र प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वक र लाइसेन्सतर्फसमेत मिति २०७८/०९/०५ मा राजपत्रमा प्रकाशन भएको सूचना अनुसार रेडियो सञ्चार(लाइसेन्स) (पाचौं संशोधन) नियमावली, २०७८ बमोजिम पुस मसान्तसम्म निवेदन दिएको सम्बन्धित प्रसारण संस्था/व्यक्तिका लाइसेन्स नवीकरण गर्दा लाग्ने जरिवानाको हकमा नियमानुसार दाखिला गरी राजपत्र प्रकाशन भएको मितिबाट ३० (तीस) दिनभित्र नवीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून बमोजिम हुने व्यहोरासमेत सूचीत गरिन्छ ।

**देहायः**

**१. इजाजततर्फ नवीकरणको लागिः**

(क) अनुसूची- ८ (नियम १६ को उपनियम २ सँग सम्बन्धित) बमोजिम नवीकरण दरखास्त ।

(ख) २०७६/७७ को करचुक्ता र प्रसारण तथा वितरण शुल्क तिरेको प्रमाण ।

(ग) २०७६/७७ को कम्पनी अद्यावधिक/संस्था दर्ता प्रमाणपत्र नवीकरण भएको ।

(घ) न्युनत्तम पारिश्रमिक सम्बन्धित कागजात ।

(ङ) संगीत रोयल्टी संकलन समाज नेपालको नवीकरण गरेको कागजात ।

**२. लाइसेन्सतर्फ नवीकरण गर्नको लागिः**

(क) अनुसूची- ८ (नियम १० (२) सँग सम्बन्धित) बमोजिम नवीकरण दरखास्त ।

(ख) जरिवाना दस्तुर (रेडियो सञ्चार (लाइसेन्स) (पाँचौं संशोधन) नियमावली, २०७८) ।